बैठक नं. २०

आज मिति २०८३/०३/३२ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पद्मराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

अरुण कुमार श्रेष्ठ - का.वा. वडाध्यक्ष -

लाल बहादुर गुरुङ - का.वा. वडाध्यक्ष -

**प्रस्ताव नं. २०.१**

मिति २०८३/०३/३१ मा बसेको १९ औं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

**निर्णय नं. २०.१**

- महालेखा परीक्षकबाट प्राप्त प्रतिवेदनले औंल्याए बमोजिमको वेरुजु नियमित सम्परीक्षण र फछ्र्यौटका लागि नगरसभामा प्रस्ताव पेश गर्ने गरी निर्णय लिइएको र उक्त विषय नगरसभा अधिवेशनबाट स्वीकृत समेत भएको ।
- "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र माग गरेका ३ वटा फर्महरुलाई "घ" वर्गको इजाजत दिने गरी निर्णय लिईएको।
- नदीजन्य पदार्थको ओसारपसार प्रयोजनका लागि मात्र पाण्डा विल्डर्स एण्ड सप्लायर्स प्रा. लि. मध्यपुर ठिमी भक्तपुरलाई मिति २०८३/०४/२० सम्मका लागि मात्र म्याद थप गर्ने गरी निर्णय लिईएको ।
- बुटवल उपमहानगरपालिका वडा नं १ स्थित उपमहानगरपालिकाले नै विगत लामो समयदेखि संचालन तथा व्यवस्थापन गरी आएको र अखण्ड दीप प्रज्ज्वलन गर्ने गरेको बाघभैरव मन्दिरको व्यवस्थापनलाई थप व्यवस्थित गर्नका लागि कार्यविधि निर्माण प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिईएको ।
- कार्यपालिका सदस्य श्री राधादेवी पौडेल अस्वस्थ हुनु भएकोले निजको शीघ्र स्वास्थ्य लाभको लागि कामना गरिएको ।

**प्रस्ताव नं. २०.२**

आ व २०८३/०८४ का लागि नगरदररेट स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं. २०.२**

बुटवल उपमहानगरपालिकाको आ. व.२०८३/०८४ का लागि स्वीकृत विनियोजन ऐन , २०८३ अन्तर्गत रहेका आयोजना तथा कार्यक्रमहरुको संचालन एवं कार्यान्वयनका लागि पूर्वाधार निर्माण लगायतका अन्य सेवाहरुमा प्रयोग हुने वस्तु तथा सेवाको मूल्यमा एकरुपता कायम गर्न कानूनले तोके बमोजिम बुटवल उपमहानगरपालिका क्षेत्रभर वा कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट मेशीन तथा उपकरणको भाडा र कामदारको ज्यालाको न्यूनतम दररेट निर्धारण गरी कार्यान्वयन गर्नु पर्ने भएको हुँदा आ. व .२०८३/०८४ का लागि बुटवल उपमहानगरपालिकाको नगरस्तरीयं दररेट निर्धारण समितिले सिफारिस गरेको पाना ६४ ( चौंसठ्ठी) को नगर दररेट स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. २०.३**

स्थानीय किसान सूचीकरण कार्यान्वयन तथा समन्वय समिति गठन सम्बन्धमा ।

**निर्णय नं. २०.३**

किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ को परिच्छेद ५ को दफा २२ मा भएको व्यवस्था बमोजिम उपप्रमुखको अध्यक्षतामा किसान सूचीकरण समन्वय समिति गठन गर्ने कानूनी व्यवस्था

को हुँदा देहाय बमोजिमका पदाधिकारी रहने गरी एक किसान सूचीकरण कार्यान्वयन समिति गठन यि गरियो ।

१- उपप्रमुख बुटवल उपमहानगरपालिका – अध्यक्ष
२- श्री- राधिका थापा -सदस्य
३- श्री- सूर्य काफ्ले -सदस्य
४- श्री- रामप्रसाद पराजुली -सदस्य
५- श्री शाखा प्रमुख,कृषि विकास शाखा, - सदस्य सचिव

**स्ताव नं. २०.४**

विषयगत समितिका वार्षिक प्रतिवेदनहरु प्रस्तुत सम्बन्धमा ।

**निर्णय नं. २०.४**

यस कार्यपालिका बैठकबाट गठन भई क्रियाशील रहेका देहायका विषयगत समितिका संयोजकहरुबाट प्रस्तुत वार्षिक प्रतिवेदनहरु माथि छलफल गरियो ।प्रतिवेदनले औंल्याए बमोजिमका सुझावहरुलाई क्रमश : कार्यान्वयन गर्दै जाने समेत निर्णय गरियो ।

**१ – सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

श्री नगरप्रमुखज्यू
बुटवल उपमहानगरपालिका, बुटवल रुपन्देही ।
विषय : सार्वजनिक सेवा तथा क्षमता विकास समितिको आ व २०८२/०८३को वार्षिक प्रतिवेदन सम्बन्धमा ।

बुटवल उपमहानगरपालिका र वडा कार्यालयहरुको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र समावेशी बनाउन नगरकार्यपालिकाबाट गठन भएको यस समितिले आफूलाई जिम्मेवारी प्राप्त भएको दिन देखि नै नगरवासी सेवाग्राहीलाई सेवा लिन आउँदा उपमहानगरपालिका कार्यालय र वडा कार्यालयहरुमा कार्यरत जनशक्ति एवं उपलब्ध साधन र श्रोतका कारण आईपर्ने समस्या कर्मचारीवाट सेवाप्रवाह गर्दा देखा पर्ने कार्यसम्पादनकोस्तर अवस्था सेवा प्रदान गर्दा कर्मचारीहरुबाट प्रस्तुत हुने व्यवहार आदिका विषयमा यस समितिबाट विभिन्न तवरबाट जानकारी लिने र समितिको बैठकमा व्यापक छलफल गरी निर्णय कार्यान्वयनका लागि उपमहानगरपालिकामा पठाईने गरिएको छ । आ व २०८२/०८३ को भदौ महिनामा भएको जेन्जी आन्दोलन, चाडपर्व र प्रतिनिधिसभा निर्वाचनका कारण यो वर्ष विभिन्न वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको अनुगमन हुन सकेन साथै बैठक पनि धेरै वस्न सकिएन । त्यसका बावजुद पनि यस समितिको विभिन्न मितिमा बैठक बसी विभिन्न निर्णय गरिएको । बुटवल उपमहानगरपालिकाको सार्वजनिक सेवा प्रवाह र सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, पारदर्शी ,जवाफदेही र भ्रष्टाचारमुक्त स्थानीय तह, झन्झट रहित आम नगरवासीको घरदैलोमा सेवा पुर्याउनका लागि सार्वजनिक सेवा तथा क्षमता विकास समिति क्रियाशील रहेको छ। यस

समितिबाट नगरकार्यपालिकामा प्रस्ताव गरिएको उपमहानगरको सार्वजनिक सेवा प्रवाहमा देखा परेका समस्या र समस्याको समाधानका लागि औंल्याईएका सुझावहरु देहाय बमोजिम रहेका छन् ।

देखा परेका समस्याहरु

१ कार्यालयमा चौथो तह र पाँचौ तहका प्रशासनिक कर्मचारीहरु कमी भै कार्यसम्पादनमा समस्या देखिएको।

२ राजश्व सफ्टवेयर चलाउने कर्मचारी वडा कार्यालयहरुमा पर्याप्त नहुँदा समस्या देखिएको ।

३ कतिपय वडा कार्यालयहरुमा आफ्नो वडा कार्यालयको भवन नहुँदा सेवा प्रवाहमा समस्या देखिएको ।

४ उपमहानगरपालिकाको प्रशासनिक भवन पुननिर्माण नहुँदा कतिपय शाखाहरुको बसाईं व्यवस्थापन असहज भएको ।

सुझावहरु

१ वडा कार्यालयहरुमा दक्ष जनशक्ति व्यवस्थापन हुनुपर्ने ।

२ वडा कार्यालयहरुमा दराज कुर्ची, टेवल, कम्प्यटर , प्रिन्टर लगायतका सामानहरुको उचित व्यवस्थापन गरिनु पर्ने ।

३ वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा ई —हाजिरी नभएका कर्मचारीहरुको ई- हाजिरी व्यवस्थापन हुनुपर्ने ।

४ सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनुपर्ने ।

५ वडा कार्यालयहरुमा सुझाव पेटिका राख्नुपर्ने ।

६ जनप्रतिनिधिहरुलाई सेवा प्रवाहका विषयमा तालीम दिनुपर्ने ।

७ कर्मचारीहरुलाई क्षमता विकासको सेवाकालीन तालीम दिनुपर्ने ।

८ नगर प्रहरी तथा बारुणयन्त्र तर्फ आगलागीको कार्यमा खटिने कर्मचारीहरुको वसोबासको उचित व्यवस्थापन हुनुपर्ने ।

निष्कर्ष

• यस उपमहानगरको सेवा प्रवाहलाई थप व्यवस्थित प्रभावकारी वनाउन सगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भए पछि तत अनुसार महाशाखा र शाखाको व्यवस्थापन र कार्यालय र वडा कार्यालयहरुमा जनशक्ति व्यवस्थापन हुन सकेको अवस्थामा र कार्यालय र वडा कार्यालयहरुका लागि कम्प्युटर प्रिन्टर व्यवस्थापनका साथै कर्मचारीहरुलाई आवश्यक पर्ने SUTRA र क्षमता विकासका तालीमको व्यवस्थापन गर्न सके सार्वजनिक सेवा प्रवाहमा सुधार देखिने विश्वास लिईएको छ ।

पदमराज गाहा

संयोजक

सार्वजनिक सेवा तथा क्षमता विकास समिति

## २.आर्थिक विकास समिति

नगर प्रमुखज्यू, उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
वडा अध्यक्षज्यूहरु,
कार्यपालिकाका सदस्यज्यूहरु,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ बमोजिम गठित आर्थिक विकास समितिको तर्फबाट आ.व. २०८२।०८३ मा सम्पादन भएका प्रमुख कार्य, प्राप्त उपलब्धीहरु, देखिएका चुनौतीहरु, तथा आगामी कार्यदिशासहितको यो वार्षिक प्रतिवेदन नगरकार्यपालिका समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

आर्थिक विकास समिति स्थानीय तहको कृषि, पशुपन्छी , सहकारी, उद्योग, पर्यटन, रोजगार, उद्यम विकास तथा उत्पादनशील क्षेत्रसंग सम्बन्धित नीति, योजना तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउने, आवश्यक समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, जिम्मेवारी बहन गर्ने महत्वपूर्ण विषयगत समिति हो । यस आर्थिक वर्षमा समितिले नियमित बैठक संचालन गरी विभिन्न शाखाबाट संचालित कार्यक्रमहरुको प्रगति समीक्षा, नीतिगत विषयमा छलफल तथा आवश्यक निर्णय र सुझाव प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छ ।

समितिले कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषकको आयआर्जन अभिवृद्धि, सहकारी क्षेत्रको सुदृढीकरण, स्थानीय उद्यम तथा रोजगारी प्रवर्द्धन, पर्यटन विकास तथा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्ने उद्देश्यले सञ्चालन भएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय र सहजीकरण गरेको छ । अनुगमन र मूल्यांङ्कनलाई व्यवस्थित बनाउदै कार्यक्रमलाई नतिजामुखी, पारदर्शी तथा उत्तरदायी बनाउने प्रयास गरिएको छ । यस क्रममा शाखाहरुबीच समन्वय अभिवृद्धि, स्रोत साधनको प्रभावकारी परिचालन तथा लक्षित वर्गसम्म कार्यक्रमको पहुँच विस्तार गर्न आवश्यक निर्देशन र सुझाव प्रदान गरिएको छ ।

नगरप्रमुखज्यू,

आर्थिक वर्ष ०८२।०८३ मा बुटवल उपमहानगरपालिकाबाट आर्थिक विकाससंग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गरिएका छन् । कृषकहरुलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान, मागमा आधारित अनुदान वितरण, उन्नत बीउविजन तथा कृषि सामग्री वितरण, कृषि तथा पशुपालन सम्बन्धी तालीम, पशु स्वास्थ्य सेवा, खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, रोग तथा किरा नियन्त्रण, प्राविधिक परामर्श तथा कृषि उत्पादन वृद्धि गर्ने कार्यक्रम, छाडा पशु चौपाया व्यवस्थापन, सामुदायिक कुकुर उपचार तथा बन्ध्याकरण, किसान सूचीकरण कार्यक्रम संचालनका लागि छलफल तथा सहजीकरण जस्ता कार्यहरु गरिएका छन् । श्रम तथा रोजगार प्रर्वद्धन अन्तर्गत मेयर युवा रोजगार कार्यक्रम, विद्यार्थीहरुलाई पढ्दै कमाउदै ट्राफिक व्यवस्थापन, राजश्व अभिवृद्धिलाई तथ्याङ्क संकलन कार्यक्रम, बैदेशिक रोजगारीबाट फर्केका रिटर्नीहरु, युवा उद्यमीहरुको क्षमता पहिचान, उद्यमशिलता तालीम, वित्तीय साक्षरता तालीम तथा अर्न्तक्रिया कार्यक्रम, राष्ट्रिय रोजगार कार्यक्रम, सामी कार्यक्रमहरु सञ्चालन भएका छन् । यसका साथै लघु उद्यम प्रवर्द्धन, रोजगार सृजना तथा स्थानीय उत्पादनको बजारीकरणमा समेत आवश्यक सहजीकरण गरिएको छ । हाइवेमा पर्यटन प्रर्वद्धनका लागि वाल आर्ट गर्ने कार्य भएको छ । सहकारी, उद्योग, वाणिज्य तथा लघु उद्यम तर्फ सहकारी दर्ता, नियमन, अनुगमन, खारेजी, एकीकरण अभिलेखीकरण, उद्योग तथा वाणिज्य, प्राइभेट फर्म दर्ता, नवीकरण, खारेजी जस्ता नियमित कार्यहरु हुदै आएका छन् । भूमि व्यवस्थापनका लागि कित्तागत विवरण सहितको भू-उपयोग वर्गीकरण र भू-उपयोग योजना तयार भई भू-उपयोग परिषद्बाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको छ ।

समितिले विभिन्न शाखाहरुबाट सञ्चालन भएका कार्यक्रमहरुको स्थलगत अनुगमन गरी कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरेको छ । अनुगमनका क्रममा प्राप्त सुझावहरु कार्यान्वयनमा ल्याउन सम्बन्धित शाखालाई निर्देशन दिईएको थियो । यसबाट सेवा प्रवाहमा थप प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन सहयोग पुगेको छ ।

कार्यक्रम कार्यान्वयनका क्रममा सीमित बजेट, आवश्यक जनशक्तिको अभाव, समयमै सामग्री उपलब्ध हुन नसक्नु जस्ता समस्याहरु देखिएका थिए । यद्यपी सम्बन्धित निकायहरुसंग समन्वय गरी अधिकांश चुनौतीहरुको समाधान गर्दै कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरिएको छ ।

आगामी वर्षमा निम्न कार्यहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता समितिले महसुस गरेको छ ।

१) बुटवल उपमहानगरपालिकाबाट संचालन भएका समाजकल्याण तर्फका निम्न अभियानलाई संस्थागत, दिगो र व्यवस्थित व्यवस्थापनका लागि सोही क्षेत्रमा क्रियाशील संघ संस्थाहरुसंग दीर्घकालिन समन्वय गरी कार्यान्वयन गर्दा राम्रो हुने देखिन्छ ।

- गौशाला संचालन र व्यवस्थापन ।
- सामुदायिक कुकुर व्यवस्थापन।

२) निम्न विषयहरु कार्यान्वयन हुन बाँकी रहेकोले आगामी आ.व.को शुरुवातमै कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- जग्गा प्लटिङ्ग वा खण्डीकरण सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने ।
- कृषक सूचीकरण गर्ने कार्य शुरु गर्ने ।

३) कृषि तथा पशुपालनको व्यवसायीकरण, आधुनिक प्रविधिको प्रयोग, कृषक तथा उद्यमीको क्षमता अभिवृद्धि, स्थानीय उत्पादनको मूल्य अभिवृद्धि र बजारीकरण, पर्यटन प्रवर्द्धन, युवा लक्षित कार्यक्रम, सहकारी क्षेत्रको सुदृढीकरण तथा रोजगारी सृजना तथा भूमि व्यवस्थापनलाई थप प्राथमिकता दिई प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, नगर प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, आर्थिक विकास समितिका सम्पूर्ण सदस्यज्यूहरु, जनप्रतिनिधिज्यूहरु, सम्बन्धित शाखाका कर्मचारीहरु, कृषक, उद्योगी, सहकारी संस्था, सञ्चारकर्मीहरु तथा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति: २०८३ असार ३२ गते

डिल्ली प्रसाद शर्मा उपाध्याय
संयोजक, आर्थिक विकास समिति
बुटवल उपमहानगरपालिका

## ३- सामाजिक विकास समिति

नगर प्रमुखज्यू, उपप्रमुखज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

तथा कार्यपालिकाका सदस्यज्यूहरु ।

### विषय: नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा सामाजिक विकास समितिको संयोजक म बसन्ती वि.क.को अध्यक्षतामा समितिका पदाधिकारी तथा विषयगत शाखाका कर्मचारीहरूको उपस्थितिमा दुई चरणमा बैठक सम्पन्न भएको थियो । उक्त बैठकहरूमा भएका छलफल तथा निर्णयका आधारमा यो एकीकृत प्रतिवेदन पेश गरिएको छ ।

१. पहिलो बैठक

मिति: २०८३ जेठ २६ गते विषय: आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा

बैठकमा विषयगत शाखाहरूबाट प्राप्त भएका नीति तथा कार्यक्रमका प्रस्तावहरूमाथि विस्तृत छलफल गरिएको थियो । छलफलका क्रममा स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन, विगतका कार्यक्रमहरूको उपलब्धि तथा आगामी वर्षका प्राथमिकताहरूलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रमलाई परिमार्जन तथा प्राथमिकीकरण गर्ने निर्णय गरिएको थियो । साथै, स्वीकृत नीति तथा कार्यक्रमका आधारमा आगामी आर्थिक वर्ष २०८३, २०८४ को बजेट प्रस्ताव गर्ने निर्णय समेत गरिएको थियो ।

२. दोस्रो बैठक

मिति: २०८३ असार ५ गते विषय: आगामी आर्थिक वर्षको बजेट तर्जुमा

दोस्रो बैठकमा पहिलो बैठकबाट स्वीकृत नीति तथा कार्यक्रमको समीक्षा गरिएको थियो । समीक्षा पश्चात् विषयगत शाखाहरूबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार आवश्यक बजेट प्रस्तावित गरिएका थिए । शाखागत रूपमा तयार भएका बजेट प्रस्तावहरूलाई समितिबाट छलफल गरी उक्त योजनाहरुलाई एकीकृत गरी एकीकृत योजना तथा बजेट तर्जुमा समितिमा पेश गर्ने निर्णय गरिएको थियो ।

३. निष्कर्ष

सामाजिक विकास समितिबाट सम्पन्न मिति २०८३ जेठ २६ गतेको नीति तथा कार्यक्रम सम्बन्धी बैठक तथा मिति २०८३ असार ५ गतेको बजेट तर्जुमा सम्बन्धी बैठकमा भएका छलफल तथा निर्णयका आधारमा आगामी आर्थिक वर्षका लागि सामाजिक विकास क्षेत्रका नीति, कार्यक्रम तथा बजेट प्रस्ताव तयार भई उक्त

प्रस्तावलाई आवश्यक निर्णय तथा स्वीकृतिका लागि यसै प्रतिवेदन सहित एकीकृत योजना तथा बजेट तर्जुमा समितिमा पेश गरिएको व्यहोरा अनुरोध साथ पेश गर्दछु।

बसन्ती वि.क.,

संयोजक सामाजिक विकास समिति

मितिः २०८३/०३/३१

## ४– पूर्वाधार विकास समिति

श्रीमान् नगर प्रमुखज्यू,

बुटवल उपमहानगरपालिका, बुटवल रुपन्देही ।

**विषय : प्रतिवेदन सम्बन्धमा ।**

प्रस्तुत विषयमा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिहरु मध्ये यस पूर्वाधार विकास समितिबाट आ.व. २०८२/०८३ मा सम्पन्न योजना तथा कार्यक्रमको सक्षिप्त प्रगति प्रतिवेदन निम्न बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

**आ.ब. २०८२/०८३ साउन १ देखि असार मसान्त सम्मको प्रगती विवरण**

| विवरण | आ.ब. २०८२/०८३का योजनाहरु | | | | | |
|---|---|---|---|---|---|---|
| | क्रमागत संख्या | चालु आ.ब.को संख्या | कुल योजना संख्या | क्रमागतका सम्पन्न | चालु आ.ब. का सम्पन्न | जम्मा सम्पन्न |
| वडाबाट कार्यान्वयन योजना | ० | ४९८ | ४९८ | ० | ४९८ | ४९८ |
| नगरबाट कार्यान्वयन योजना | ४५ | ९३ | १३८ | ३९ | ४८ | ८७ |
| **जम्मा योजना संख्या** | ४५ | ५९१ | ६३६ | ३९ | ५४६ | ५८५ |

| आ.ब. २०८२/०८३ साउन १ देखि असार मसान्त सम्मको प्रगती विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **विवरण** | क्रमागत योजना | चालु आ.ब. को संख्या | कुल योजना संख्या | क्रमागतका सम्पन्न | चालु आ.ब. का सम्पन्न | जम्मा सम्पन्न |
| **बोलपत्र मार्फत** | ३१ | ४१ | ७२ | २७ | १ | २८ |
| **सेवा परामर्श मार्फत** | २ | २ | ४ | ० | १ | १ |
| **सोझै खरिद मार्फत** | ० | ३२ | ३२ | ० | ३२ | ३२ |
| **उपभोक्ता समिति मार्फत** | १२ | ५१६ | ५२८ | १२ | ५१२ | ५२४ |
| **कुल जम्मा** | ४५ | ५९१ | ६३६ | ३९ | ५४६ | ५८५ |

यस समितिले चालु आ.व. २०८२/०८३ को प्रारम्भमा नै भएको घटनाक्रम एवं २०८२ फागुन २० गतेको आम निर्वाचनको आचारसंहिता र आर्थिक वर्षको अन्त्यतिर भएको निर्माण सामग्रीको अत्यधिक मूल्य बृद्धिका कारण विगत वर्षहरुमा जसरी यस आ.व.मा योजनाको निर्माण कार्यको गति केही सुस्त देखिएको छ । यस अवधिमा निर्माण सम्पन्न भएका र निर्माणाधिन मुख्य मुख्य पूर्वाधार संरचनाको सम्बन्धित प्राविधिक कर्मचारी सहितको सहभागितामा पूर्वाधार विकास समितिबाट स्थलगत अवलोकन, निरीक्षण एवं अनुगमन गरी गुणस्तरीय पूर्वाधार निर्माणका लागि निर्माण व्यवसायीलाई सुझाव एवं निर्देशन दिने गरिएको छ ।

**पूर्वाधार विकासको कार्यलाई थप प्रभावकारी र दिगोपनाका लागि आगामी दिनमा गर्नुपर्ने केही सुधारका पक्षहरु :**

१. ठूला मेशीन तथा उपकरणहरु प्रयोग हुने र जटील प्रकृतिका निर्माण कार्यहरु ठेक्का बन्दोवस्तीबाट नै कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ ।

२ योजना कार्यान्वयन प्रकियालाई सहज बनाउन योजना संचालन पूर्व सबै उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।

३. योजनाको दीगोपन र गुणस्तरीयता कायम गर्न, कार्यान्वयन प्रक्रियामा सहजता र प्रभावकारी बनाउने र कार्यालयमा विगतमा संचालनमा रहेको पूर्वाधार प्रयोगशालाको आवश्यक मर्मत सम्भार गरी संचालनमा ल्याउनु पर्ने देखिन्छ ।

४. वार्षिक खरिद योजना, कार्ययोजना तथा कार्यतालिका बमोजिम समयमा नै योजना सम्झौता र कार्यान्वयन गर्ने पद्धतिको विकास गरी योजना निर्माण कार्य गर्नुपर्ने देखिएको छ । यसबाट आगामी आ. व. मा आर्थिक दायित्व समेत कम हुने देखिन्छ ।

५. बुटवल उपमहानगरपालिका क्षेत्रमा निर्माण गरिने संरचनाहरु समय सापेक्ष आधुनिक तथा प्रविधिमैत्री बनाउन उपर्युक्त हुने देखिन्छ ।

६. आगामी आ.मा नगरका भित्री सडक निर्माण गर्दा विटुमिनको गुणस्तर एवं अभावका कारण पिचको विकल्पको रुपमा पि.सि.सि. र आर.सि.सि.सि. सडक निर्माण गर्ने नीति अवलम्बन गर्दा उपयुक्त हुने देखिएको छ ।

७. नगरभित्रका सडकमा हुने खाल्डाखुल्डी र कार्यालयबाट निर्मित भवन लगायतका संरचनाको नियमित मर्मत सम्भारको लागि आर्थिक वर्षको सुरुवातमा नै आवश्यक प्रबन्ध मिलाई नियमित मर्मत संभारको व्यवस्था मिलाउनु पर्ने देखिएको छ ।

धन्यवाद

नारायण प्रसाद पुन
संयोजक
पूर्वाधार विकास समिति
बुटवल उपमहानगरपालिका

**५. वातावरण तथा विपद् व्यवस्थापन समिति**

## विपद् व्यवस्थापन समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को वार्षिक प्रगति

बुटवल उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने राष्ट्रिय ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मिति २०७९।०३।०६ मा बसेको नगरकार्यपालिकाको बैठकबाट मेरो संयोजकत्वमा ६ सदस्यीय स्थानीय वातावरण तथा विपद् समिति (Environment And Disaster management Committee – EDMC) गठन भई निरन्तर क्रियाशिल हुँदै आइरहेको व्यहोरा अवगत गराउँदै, बुटवल उपमहानगरपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम एवं स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बमोजिम विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभसँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको सम्बन्धित वडास्तरीय विपद् व्यवस्थापन समितिलाई नै अनुगमन, सुपरिवेक्षण तथा तत्काल प्रतिकार्य गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम सबै १९ वटै वडा

कार्यालयबाट विपद् पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरू सञ्चालन हुँदै आएको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु।

यस समितिले चालु आ.व. २०८२/०८३ को प्रारम्भमै भएको घटनाक्रम अवगत गराउँदा, आ वा २०८२-८३ साउन-भदौ महिनाको अविरल वर्षाका कारण वडा नं. १,२ ३, ११, १२ र १३ मा आएको बाढी तथा पहिरोका घटनाहरू र आर्थिक वर्षको मध्यतिर देखिएको डेंगुको प्रकोपले यस आ.व.मा जनचेतना अभिवृद्धि तथा पूर्वतयारी सम्बन्धी कार्यक्रमहरूको गति केही प्रभावित भएको देखिन्छ। यस आ.व.मा मिति २०८२।०४।०१ देखि २०८३।०३।३२ गतेसम्म रु. २० लाख भन्दा बढी लागत अनुमान भएका र नगरस्तरीय नगरकार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भई सम्पन्न भएका १८ वटा नगरस्तरीय विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरण योजना (सुरक्षित आश्रयस्थल निर्माण, नदी तटबन्ध/स्पर मर्मत, पूर्व–सूचना प्रणाली स्तरोन्नती लगायत) को स्थलगत निरीक्षण, सुपरिवेक्षण गरी जाँचपास तथा फरफारक समितिको बैठक बसी योजनाको जाँचपास तथा फरफारकको कार्य सम्बन्धी कार्यविधि, २०७४ मा भएको कानूनी व्यवस्था बमोजिम नगर सभाबाट अनुमोदन गराउने गरी भुक्तानीका लागि नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरिएको हुँदा यस सम्मानित नगर सभामा अनुमोदनका लागि पेश गर्दछु।

यसैगरी उपमहानगरपालिका कार्यालयबाट नगरस्तरीय विपद् व्यवस्थापन समिति र वडा कार्यालयबाट वडास्तरीय विपद् व्यवस्थापन समिति मार्फत सञ्चालन भई कार्य सम्पन्न भएका नगरस्तरीय तथा वडास्तरीय विपद् पूर्वतयारी, राहत वितरण, पूर्व–सूचना, खोज तथा उद्धार र सचेतनामूलक गतिविधिहरूको वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिलाई योजनाहरूको जाँचपास तथा फरफारक गर्ने अधिकार प्रत्यायोजन भए बमोजिम, सम्बन्धित वडा कार्यालयहरूबाट पेश भई आएका वडास्तरीय विपद् व्यवस्थापन गतिविधिहरूको जाँचपास तथा फरफारकको कार्य सम्बन्धी कार्यविधि, २०७४ मा भएको कानूनी व्यवस्था बमोजिम यस कार्यपालिका बैठकमा लागि पेश गरेको छु।

**यस आ.व.मा समितिबाट सम्पन्न भएका प्रमुख कार्यहरूः**

१ सबै १९ वटै वडामा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति पुनर्गठन/सक्रियकरण गरी वडागत जोखिम नक्सा अद्यावधिक गरिएको।

२ बाढी, पहिरो र आगलागीबाट प्रभावित परिवारलाई अत्यावश्यक राहत सामग्री (खाद्यान्न, तिरपाल, लत्ताकपडा, स्वास्थ्य सामग्री) वितरण गरिएको।

३ वडा नं. ३ (ज्योतिनगर/चित्रहोनी) र वडा नं. १३ (सांलघारी/बेलवास) क्षेत्रमा पहिरो तथा आगलागी जोखिम न्यूनीकरणका लागि सुरक्षा पर्खाल र तटबन्ध निर्माण कार्य अगाडि बढाइएको।

४ बाढीबाट प्रभावित क्षेत्रमा अत्यावश्यक अनुसार तटवन्ध गरिएको।

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट सञ्चालन एवं कार्यान्वयन भई सम्पन्न समेत भएका विपद् व्यवस्थापन सम्बन्धी योजना तथा गतिविधिहरूको जाँचपास तथा फरफारक गर्ने सन्दर्भमा देहाय बमोजिमका सुझावहरू कार्यान्वयन गर्दा थप प्रभावकारी हुने व्यहोरा समेत यस सम्मानित सभामा अनुरोध गर्दछु।

**सुझावहरूः**

१ वडा र नगरस्तरबाट हुने विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउन सो कार्यमा संलग्न पदाधिकारीहरूलाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण गरी क्षमता विकास गर्न आवश्यक देखिन्छ।

२ पूर्व-चेतावनी प्रणाली (Early Warning System), सञ्चार उपकरण तथा सामुदायिक सञ्चालहरूको नियमित प्राविधिक जाँच र समयमै मर्मत सम्भार गरी सधैं चालु अवस्थामा राख्नु आवश्यक देखिन्छ।

३ विपद् प्रतिकार्यका लागि आवश्यक ठूला मैशिन, उपकरण (डोजर, क्रेन, दमकल, एम्बुलेन्स) प्रयोग हुने तथा जटिल प्रकृतिका निर्माण कार्यहरू ठेक्का बन्दोबस्तीबाटै कार्यान्वयन गर्न उपयुक्त हुने देखिन्छ।

४ गतिविधि सञ्चालन पूर्व सबै वडास्तरीय विपद् व्यवस्थापन समिति तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

५ बुटवल उपमहानगरपालिकामा निर्माण हुने सार्वजनिक संरचनाहरूको गुणस्तरीयता तथा भूकम्प/बाढी प्रतिरोधात्मक क्षमता कायम गरी समयमै सम्पन्न गर्न आवश्यक मेशिन, उपकरण खरिद गरी परिचालन गर्दा थप प्रभावकारी हुने देखिन्छ।

६ संघ र प्रदेश सरकारबाट प्राप्त हुने शर्त, समपूरक, विशेष अनुदान तथा विपद् व्यवस्थापन कोष रकम समयमै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाई स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत अवण्डामा रहेका रकमको समयमै यकिन गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

७ वार्षिक विपद् पूर्वतयारी कार्ययोजना र कार्यतालिका बमोजिम समयमै कार्यक्रम सम्पन्न गर्न उपयुक्त देखिन्छ।

८ पुरानो तथा जौखिमयुक्त सार्वजनिक भौतिक संरचना (विद्यालय, स्वास्थ्य चौकी, पुल–पुलेसा) को प्रतिरोधात्मक क्षमताको लेखाजोखा गरी आवश्यकता अनुसार सुदृढीकरण वा स्तरोन्नती गर्न आवश्यक देखिन्छ।

अन्त्यमा विपद् व्यवस्थापन कार्यमा निरन्तर मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, सहयोग गर्नुहुने कार्यालय प्रमुखज्यू, समितिका सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू, वडास्तरीय विपद् व्यवस्थापन समिति, स्वयंसेवक, नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, ~~नेपाली सेना~~ लगायत सबै सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई हार्दिक आभार सहित धन्यवाद प्रकट गर्दछु।

धन्यवाद ।

**रामचन्द्र क्षेत्री**
संयोजक
वातावरण तथा विपद् व्यवस्थापन समिति
बुटवल उपमहानगरपालिका
मिति २०८३।०३।३१

**६– विधेयक समिति**

**श्रीमान नगर प्रमुख ज्यू,**
**बुटवल उपमहानगरपालिका**
**बुटवल, रुपन्देही ।**
**विषय : <u>विधेयक समितिको आ.व. २०८२/०८३ को बार्षिक प्रतिवेदन सम्बन्धमा ।</u>**

नगर प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु एवं कार्यपालिकाका सदस्यज्यूहरु, यस नगरकार्यपालिकाका समक्ष विधेयक समितिको संयोजकको तर्फवाट चालु आ.व. २०८२/०८३ को हाल सम्मको वार्षिक प्रतिवेदन पेश गर्न अनुमति चाहान्छु ।

यस अवधिमा विधेयक समितिमा रहेर विभिन्न समयमा ७ वटा बैठक वसी बुटवल उपमहानगरपालिकाको लागि आवश्यक विविध विधेयकको तर्जुमा एवं संशोधन प्रस्ताव माथि दफावार छलफल गरी परिमार्जन सहितको सुझाव पेश भए बमोजिम नै नगरकार्यपालिका तथा नगरसभाबाट आवश्यक कानून निर्माण एवं संशोधन भएको व्यहोरा अनुरोध छ । यसरी आ.व. ०८२।०८३ मा नगरकार्यपालिकाद्वारा गठित विधेयक समितिको बैठक वसि दफावार छलफल गरी प्राप्त निष्कर्षको आधारमा बुटवल उपमहानगरपालिका नगरकार्यपालिकामा सिफारिस गरिएका कानूनहरु निम्न वमोजिम रहेका छन् ।

(१) बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) ऐन, २०८० दोस्रो संशोधन २०८२

(२) बुटवल उपमहानगरपालिकाको भाषा, संस्कृति र ललितकला, सम्वन्धी ऐन, २०८२ प्रथम संशोधन २०८२

(३) बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न वनेको ऐन,२०८१ दोस्रो संशोधन २०८२

(४) बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ प्रथम संशोधन २०८२

(५) बुटवल उपमहानगरपालिकाको पढाई संगै रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्वन्धी कार्यविधि, २०८३

(६) बुटवल उपमहानगरपालिकाको एकल महिला अक्षय कोष स्थापना तथा सञ्चालन सम्वन्धी निर्देशिका, २०८३

(७) बुटवल उपमहानगरपालिकाको प्राइभेट फर्म दर्ता एवं नविकरण सम्बन्धी कार्यविधि, २०७७ प्रथम संशोधन, २०८३

(८) बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्वन्धी ऐन, २०८२ दोस्रो संशोधन २०८३

(९) बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोतलाई व्यवस्थापन गर्न वनेको ऐन,२०८१ तेस्रो संशोधन २०८३

- आ.व. ०८२।०८३ मा विधेयक समितिवाट विभिन्न समयमा वैठक वसी छलफल एवं परामर्श गरी २ वटा विधेयक तर्जमा गरियो भने विभिन्न ७ वटा कानून माथि आवश्यक परिमार्जनका लागि संशोधन प्रस्ताव सहित नगरकार्यपालिकामा सिफारिस गरिएको थियो ।

अन्त्यमा समितिमा रही सक्रियता पूर्वक भाग लिने समितिका सवै सदस्य, आमन्त्रित विज्ञ लगायत सहयोगी सवै कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुतकर्ता

नरेन्द्र बस्नेत

संयोजक

विधेयक समिति

**अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट बैठक समाफत भएको जानकारी गराउनुभयो ।**